☎ ०४७-६९२०४७
मो.नं. ९८५४०४१८९२

# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

पत्र संख्या:- विपद् २०७६।०७७ मिति : २०७७।०२।११
च.नं :- ८६९

**विषय :- बजेट रकमान्तर गर्ने सम्वन्धमा ।**

श्री आर्थिक प्रशासन शाखा
घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली ।

उपरोक्त सम्वन्धमा विश्वभर फैलिएको कोरोना भाईरस (कोविड १९) को महामारीकाको रोकथाम तथा नियन्त्रणको लागि विपद् व्यवस्थापन कोष तथा कोरोना भाईरस रोकथाम तथा उपचार कोषको लागि पालिकाको आन्तरिक श्रोतबाट हुने आम्दानी, राजस्व बाँडफाँड र वित्तीय समानीकरणमा प्राप्त रकम समेतबाट विनियोजन भएको शिर्षक र रकमबाट रकमान्तर गरी महामारी रोकथाम तथा नियन्त्रणको कार्य गर्नु गराउन भनी नेपाल सरकार तथा प्रदेश सरकारबाट निर्देशन प्राप्त भएकोले यस घ्याङलेख गाउँपालिकाको मिति २०७७।०१।२२ मा बसेको कार्यपालिकाको बैठकको निर्णय नं. ६ अनुसार यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा चालु आ.व.मा रहेको शुरु मौज्दात रकम रु. २०,९०,०००।०० बाट यस अगाडी खरिद भएको औषधि तथा औषधिजन्य सामाग्री, मास्क, क्वारेन्टाईन व्यवस्थापन सामाग्री, साबुन खरिद आदिमा खर्च भई विपद् व्यवस्थापन कोषमा रकम न्यून भएकोले घ्याङलेख गाउँपालिकाको चौथो गाउँसभाबाट स्वीकृत कार्यक्रम मध्ये क्र.सं.३१ को क्र.सं. ३२ मा रहेको क्र.सं. ३६ मा रहेको अध्यक्ष कपको रु. २,००,०००।- र क्र.सं. ४४ मा रहेको बाल बिबाह न्यूनिकरण कार्यक्रमबाट रु. ४,००,०००।- समेत गरी जम्मा रु. ३१,००,०००।०० अक्षेरुपी एकतिस लाख मात्र विपद् व्यवस्थापन कोषमा रकमान्तर गर्ने भनी निर्णय भएको हुदाँ चालु आ.व.को बजेटबाट माथि उल्लेखित रकमबाट तपसिल अनुसार रकमान्तर गर्नु हुन कार्यपालिकाको वैठकको निर्णय यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.सं. | रकमान्तर हुने | | रकमान्तर गर्नु पर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | शिर्षक | रकम | |
| १ | उद्यमशिलता प्रवर्धन कार्यक्रम | रु.५,००,०००।- | स्थानीय विपद् व्यवस्थापन कोष | रु. ३१,००,०००।- | |
| २ | उद्योग विकास कार्यक्रम | रु. २०,००,०००।- | | | |
| ३ | अध्यक्ष कप | रु. २,००,०००।- | | | |
| ४ | बाल बिबाह न्यूनिकरण कार्यक्रम | रु. ४,००,०००।- | | | |
| | जम्मा | | | | |

***वोधार्थ:-***

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुली ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुली
श्री स्वास्थ्य कार्यालय, सिन्धुली
श्री अध्यक्ष ज्यू
श्री उपाध्यक्ष ज्यू
श्री सवै वडा कार्यालयहरु (१-५)
श्री कार्यपालिका सदस्यज्यूहरु
श्री सूचना प्रविधि शाखा : सम्वन्धितलाई ईमेल गरी वेवसाईटमा अपलोड गर्नु हुन ।
घ्याङलेख गाउँपालिका ।

०८७।२।११

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. : ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा घ्याँङलेख गाउँपालिकाका सबै वडा अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयंसेविका र पञ्जीकरण तर्फ खटिएका फिल्ड सहायकहरु खटाई सबै वडामा रहेका घर धुरी र परिवारको प्रारम्भिक तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित एवं पारदर्शी बनाउनको लागि नेपाल सरकारबाट घोषणा भएको वन्दावन्दी खुले पछि सबै वडाहरुका लाभग्राहीहरुको नेपाल एस.बि.आई बैंक, घ्याङलेख शाखा, हायुटारमा गाउँपालिका र बैंकको आपसी समन्वय र समझदारीमा खाता खोल्न घुम्ती शिविर संचालन गरी बैंक खाता खोल्न लगाई बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका भित्र कोरोना भाईरस(COVID-19) को महामारीको कारणबाट बन्दाबन्दीमा परी रोजगार गुमाएका विपन्न परीवारहरुलाई "कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७६" को अधिनमा रही वडा अध्यक्ष र वडा सदस्यहरुको प्रत्यक्ष निगरानी र जिम्मेवारीमा राहत सामाग्रीको गुणस्तर हेरी वडा अध्यक्षहरुको निगरानीमा खरिद गरी वडा अध्यक्षबाट सिफारिस भई आए बमोजिमका प्रत्येक घर धुरीलाई ३० के.जी.चामल, ३ के.जी. दाल, १ लिटर तेल, १ के.जी.नुन र १०० ग्राम मसलाका दरले राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा रहेको रकम रु. २०,९०,०००।०० बाट यस अगाडी खरिद भएको औषधि तथा औषधिजन्य सामाग्री, मास्क, क्वारेन्टाईन व्यवस्थापन सामाग्री, सावुन खरिद आदिमा खर्च भई रकम न्यून भएका कारण विपद् व्यवस्थापन कोषमा रकम न्यून भएकोले घ्याङलेख गाउँपालिकाको चौथो गाउँसभाबाट स्वीकृत कार्यक्रम मध्ये क्र.सं.३१ कोउद्यमशिलता प्रवर्धन कार्यक्रममा रहेको रु.५,००,०००।-, क्र.सं. ३२ मा रहेको उद्योग विकास कार्यक्रमको रु. २०,००,०००।-, क्र.सं. ३६ मा रहेको अध्यक्ष कपको रु. २,००,०००।- र क्र.सं. ४४ मा रहेको बाल बिबाह न्यूनिकरण कार्यक्रमबाट रु. ४,००,०००।- समेत गरी जम्मा रु. ३१,००,०००।०० अक्षेरुपी एकतिस लाख मात्र विपद् व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं. :७**

प्रस्तावनं.७ माथि छलफल गर्दा यस घ्याङलेख गाउँपालिकाको पदाधिकारीज्यूहरु र सदस्यज्यूहरुले मिति २०७६ साल कार्तिक महिना देखि नै सेवा सुविधा प्राप्त नगरेको र यही मिति २०७७ वैशाख ३ गते प्रदेश सरकारबाट "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन"मा सेवा सुविधा पाउने सम्वन्धी राजपत्र प्रकाशन भएकोमा सो मा प्रारम्भ मितिमा तुरुन्त लागु हुने छ भनी उल्लेख भएकोले कहिले देखि भुक्तानी दिने भन्ने सम्वन्धमा द्धिविधा भएकोले सम्वन्धित निकायमा भुक्तानी पाउने अवधि सोधनी गरी कार्तिक देखि नै पाउने भनी लेखी आएमा सोही अनुसार र लेखी नआएमा २०७७ बैशाख महिना देखिको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.: ८**

प्रस्ताव नं.८ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका भित्र संचालन हुने आगामी SEE परीक्षाको संचालन अवधि भर ८ दिनको लागि विहान हायुटारबाट रामपुर र बेलुका रामपुरबाट हायुटार सम्म प्रश्नपत्र र उत्तरपुस्तिकाहरु ओसार पसार गर्नका लागि एउटा बोलेरो गाडी भाडामा लिने र उक्त बलेरोको भाडा वापत खर्च हुने रकम परीक्षा संचालन शिर्षक बजेटबाट खर्च वेहोरिने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष